# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाकोकार्यालय
## डडेल्धुरा
## सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. : ०९६-४१०२२२
e-mail: ito.amargadhimun@gmail.com
info@amargadhimun.gov.np
website: amargadhimun.gov.np

**आन्तरिक आय अमरगढी किल्लामा प्रवेश शुल्क उठाउने ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना ।**

(पहिलो पटक सूचना प्रकाशन मिति २०८२।०३।३१ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (ङ) मा भएको व्यवस्था, अमरगढी नगरपालिकाको आर्थिक तथा बिनियोजन ऐन, २०८१ को दफा १३ र सो सँग सम्बन्धित अनुसूची १३ मा भएको व्यवस्था अनुसार अमरगढी नगरपालिकाको आ.व. ०८२/०८३ को ठेक्का बन्दोवस्त भएको मितिले एक बर्षसम्म आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) गर्नुपर्ने भएकोले नगर कार्यपालिकाबाट तोकिएको दररेटमा **अमरगढी किल्लामा प्रवेश शुल्क उठाउने** ठेक्का लिन इच्छुक सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै सूचना यस कार्यालयको वेभसाइट www.amargadhimun.gov.np मा समेत हेर्न सकिनेछ।

ठेक्काको विवरण

| ठेक्का नं. | ठेक्काको विवरण | शुल्क उठाउन पाउने क्षेत्र | न्यूनतम ठेक्का अंक (मु.अ.कर बाहेक) | दरभाउपत्र फाराम दस्तुर रु. | दरभाउपत्र जमानत रु. |
|---|---|---|---|---|---|
| AM/DDL/SALES/01-2082/83 | अमरगढी किल्लामा प्रवेश शुल्क उठाउने, अमरगढी नपा, वडा नं. ०५, डडेल्धुरा | अमरगढी किल्लामा क्षेत्रभित्र | रु ४,००,०००(अक्षरुपी चार लाख मात्र) | १००० | कबोल अंकको २.५ % |

**ठेक्का सम्बन्धी शर्तहरू :**

१.ठेक्कामा सहभागी हुन चाहने नेपाली नागरिक फर्म वा कम्पनीले माथि उल्लेखित न्यूनतम अंकमा नघट्ने गरी सम्बन्धित कार्यको लागीको आ.व. ०८०/८१ को लागि फर्म/कम्पनीको नवीकरण भएको इजाजतपत्रको प्रतिलिपि, मु.अ. कर दर्ता प्रमाणपत्र तथा करचुक्ता आ.व. ०८०/८१ (फर्म वा संस्थाका लागी) वा ब्यक्तिका लागी प्यान दर्ता र नागरिकताको प्रतिलिपि सहित सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp बाट प्रक्रिया पुऱ्याई E-Bidding गर्न सकिने छ र E-Bidding मार्फत बोलपत्रमा सहभागी हुने दरभाउपत्रदाताहरुले दरभाउपत्र फाराम दस्तुर बापतको रकम रु. १,०००।- (अक्षेरुपी एक हजार) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि., डडेल्धुरामा रहेको आन्तरिक आम्दानी खाता नं. ४०२०१००३०१०१०००२ मा रकम जम्मा गरि सो बैंक भौचर समेत स्क्यानिङ्ग गरी Upload गर्नुपर्नेछ।

२. खरिद गरिएका दरभाउपत्र फारामहरुको महलहरु स्पष्ट रुपमा अंक र अक्षर भरी प्रत्येक पानामा सहि छाप गरि पहिलोपटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp बाट प्रक्रिया पुऱ्याई Upload गर्न सकिनेछ । दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे उपस्थित दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु र कार्यालयका



इन्जिनियर

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाकोकार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. : ०९६-४१०२२२
e-mail: ito.amargadhimun@gmail.co
info@amargadhimun.gov.np
...adhimun.gov.np

अमरगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल
प्रमुख प्रशासकीय अधिकृत


प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ साथै फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. दरभाउपत्र फाराम साथ दरभाउपत्र जमानत बापतको रकम (कबोल अंकको २.५ % ले हुने आउने रकम) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि., डडेल्धुरामा रहेको धरौटी हि.खाता नं. ४०२०१००३०३००००२ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको जमानीपत्र (विडवण्ड) दरभाउपत्र साथ पेश गर्नुपर्ने छ । साथै दरभाउपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ ।

५. यस कार्यालयको हितलाई ध्यानमा राखी प्राप्त भएको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

६. दरभाउपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंक बरावरको रकम राष्ट्रिय वाणिज्य बैंक लि., डडेल्धुरामा रहेको आन्तरिक आम्दानी खाता नं. ४०२०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल बैंक भौचर सम्झौताको बखत पेश गर्नु पर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन ।

७. नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने मु.अ.कर, अग्रिम कर, आय कर लगायतका सम्पूर्ण करहरु ठेकेदार स्वयंले आफनो तर्फबाट बुझाउनु पर्नेछ । तसर्थ यस ठेक्का अंकमा त्यस्ता कुनै पनि कर रकमहरु समावेश गरिएको छैन ।

८. ठेक्का अवधी नगरपालिकासँग ठेक्का सम्झौता भएको मिति देखि एक बर्ष सम्म रहनेछ ।

९.दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। वा फोन नम्बर ०९६४१०२२२ मा सम्पर्क राख्न सकिनेछ।

१०. यस सूचनामा उल्लेख भएका शर्तहरुको अतिरिक्त दरभाउपत्र फाराम साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

११. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

१२. प्रबेश शुल्क वाफतको रकम नगरपालिकाले तोकेको दररेट बमोजिम लिनु पर्नेछ ।

१३. प्रबेश शुल्क अमरगढी किल्ला क्षेत्रमा नै उठाउनु पर्नेछ ।

इन्जिनियर